माथागढी गाउँपालिकाको टोल विकास संस्था सञ्चालकार्य विधि,२०७६

१. भुमिका

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक बिकास, स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाका शहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिलाई सहयोग पुऱ्याउन स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा २ (क) २ को अधिकार प्रयोग गरी वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल बिकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा माथागढी गाउँपालिकाको प्रशासकीय प्रशासकीय कार्यविधि नियमति ऐन, २०७५ को दफा ४ उपदफा १ बमोजिम माथागढी गाउँ कार्यपालिकाले यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

२.उद्देश्य

टोल बिकास संस्था गठन गर्नुका उद्देश्यहरु निम्नानुसार छन्

१. टोल, बस्ती स्तरमा बिभिन्न निकाय हरुबाट प्रवाह हुने सेवामा टोलबासीको पँहुच अभिबृद्धि गर्ने,
२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोल स्तरमा लघु उद्यमको सिर्जना, बिकास र प्रबर्द्धन गर्ने,
३. टोल, बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,
४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,
५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढावा दिने,
६. बस्ती, टोलस्तरमा सबै संस्थाहरुको प्रबेशद्वारको रुपमा टोल बिकास संस्थालाई बिकास गर्दै बिभिन्न निकायहरुबाट सञ्चालन हुने बिकास कार्यमा सहयोग गर्ने,
७. टोल बिकास संस्थालाई वडा भन्दा तल्ला एकाईको रुपमा बिकास गरी सहभागितात्मक योजना तर्जुमा ,अनुगमन एवं मुल्यांकन प्रक्रियामा सहभागि गराउने,
८. टोलको सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गिकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने,
९. टोलको समग्र बिकासका लागि कार्यक्रमहरु तय गर्ने,
१०. वातावरणमैत्री तथा बालमैत्री गाउँ घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

३. गठन

टोल बिकास संस्थाको गठन देहाय बमोजिम हुनेछ:



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

१. गाउँपालिकाका नगरोन्मुख वस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोलतहमा रहेका घर परिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिने छ ।

२. पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुनर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोहि पदमा दुई बर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुन एकजना अनिवार्य महिला हुनु पर्नेछ ।

३. टोल विकास संस्था गठन गर्दा सके सम्म टोलका सम्पुर्ण घरधुरीलाई एकघर एक सदस्यको रुपमा समेट्नु पर्दछ । सो सम्भव नभएमा कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ ।टोल बिकास संस्थामा सहभागी भएका सदस्य मध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४. टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूची-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको बिधान तयार गर्नु पर्नेछ ।

५. समन्वय र मेलमिलाप कायम गराउदै सामाजिक ऐक्यबद्धता कायम गर्ने ।

४. दर्ता / सूचिकृत

टोल बिकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

१.टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई माथागढी गाउँपालिकाले दर्ता/ सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई यस गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमूना अनुसूची-२ मा उल्लेख गरिएको छ । टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागी निवेदन पेश गरेमा यसगाउँपालिकाले अनुसूची-३ बमोजिमको टोल बिकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

२. टोल विकास संस्थाले यस कार्यबिधि बमोजिमका उद्देश्य बिपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले टोल बिकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल बिकास संस्था गठन हुनेछ ।

**५. टोल बिकास संस्थाको कामः**

टोल बिकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछः

१. टोलमा धनी गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

२. विभिन्न सरकारी एवं गैरसरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको बिकासको लागी सहजिकरण गर्ने,
३. टोलमा उद्यम बिकास संग संबन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,
४. टोलमा सडक ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने ।
५. टोलको बिकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने,
६. टोलको सामुहिक समस्या पहिचान गरि प्राथमिकताको आधारमा टोल बिकास योजना तर्जुमा गर्ने,
७. एच.आई.भि.एड्स, अन्धबिश्वास, छाउपडी प्रथा, बाल बिबाह, बहु बिबाह, जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने,
८. टोलको आर्थिक विकास तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने,
९. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिस गर्ने,
१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त योजनाहरूको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
११. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरू टोल वकास संस्था मार्फत सञ्चालन हुने वातावरण सिर्जना गर्ने,
१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा वालमैत्री बनाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने,
१३. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
१४. टोलमा रहेका सार्वजनिक, पर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिका सहयोग गर्ने,
१५. गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने,
१६. संस्थामा प्राप्त रकमाको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने,
१७. गाउँपालिकासँग भएको समझदारी अनुसार अन्य कार्यहरू

### ६. टोल विकास संस्थाको कार्य समितिको वैठक

टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) टोल विकास संस्थाका सदस्यहरूको हित, सहयोग एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समितिको बैठकमा सामाजिक परिचालक, गाउँपालिका प्रतिनिधि लगायत अन्य सरोकारवालाहरूलाई आमन्त्रित गर्न सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(ग) सचिवले संस्थाको बैठकका निर्णयहरू बैठक पुस्तिकामा लेखि प्रमाणित गराउनु पर्नेछ ।

**टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

७. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

(ग) बैठकमा अनुशासन पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सबैका विचार संकलन गर्ने र सर्वसम्मत निर्यण गर्न पहल गर्ने

(ङ) निर्णयहरू लागू गर्ने र गर्न लगाउने

(च) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(छ) संस्थाले आर्जन/ प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षा प्रबन्ध मिलाउने ।

(ज) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(झ) कार्यविधि बमोजिम अन्य कार्यहरू गर्ने ।

८. संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने।

(ख) एक तिहाइ सदस्यहरूको विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(ग) छलफलका प्रस्तावहरूको संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(घ) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरूलाई जानकारी गराउने

(ङ) तोकिएका अन्य कार्य गर्ने ।

(ग) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

अ. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

आ. खर्चको लेखापरीक्षण गराउने ।

इ. बैंक खाता सञ्चालन गर्दा संयुक्त रूपमा खाता सञ्चालन गर्ने ।

ई. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

९. संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार

(क) गाउँपालिकासँग भएको समझदारीपत्रमा उल्लिखित शर्तअनुसार गर्नु पर्ने कामहरू गर्ने ।

(ख) संस्था हिसाव-किताब जाँच गर्ने ।

(ग) संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(घ) आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरू बनाउने र सो नियमहरू पालना भए नभएको हेर्ने ।

(ङ) आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सघाउने ।

(च) तोकीएको अन्य कार्यहरू गर्ने ।

१०. आर्थिक व्यवस्थापन

(क)विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरूवाट प्राप्त हुने सहायता र अनुदान

(ख)टोल विकास संस्थाले आयमूलक कार्यहरू सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(ग) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयअनुसार छुट्याउने रकम।

(घ) संस्थाले अन्य स्रोत जम्मा रकम।

११. खर्च

संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ । संस्था सञ्चालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरू टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

१२. नाफा

(क)टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

(ख)नाफा संस्थाको निर्णयअनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

१३. लेखा

(क)कोषाध्यक्षले सबै प्रकारको नगदी आम्दानी, सम्पूर्ण विकास खर्च विवरण, संस्थको सञ्चालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरूको स्पष्ट लेखा राख्नु पर्दछ ।

(ख)कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसब टोल विकास संस्थाको बैठकमा पेश गर्नु पर्दछ ।

१४. लेखापरीक्षण

(क)संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ ।

(ख)संस्थाले नियुक्त गरेको लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(ग) आवश्यकताअनुसार गाउँपालिका पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्ने छ ।

(घ) संस्थाले आफ्नो वार्षि लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित गाउपालिकामा समेत पेश गर्नु पर्नेछ ।

१६. विविध



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(क) प्रत्येक टोल विकास संस्थालाई गाउँपालिकाले बैठक सञ्चालन तथा विविध खर्चको लागि वार्षिक रूपमा एकमुष्ट रू ६०००।- (छ हजार) नबढ्ने गरी उपलब्ध गराउने छ ।

(ख) यो कार्यविधि प्रचलित नेपाला ऐन, नियमहरूसँग बाझिएको हदसम्म स्वत खारेज हुनेछन् ।

(ग) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको बाधा अड्काउ फुकाए गाउँ कार्यपालिकाले गर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

अनुसूची १

टोल विकास संस्थाको विधान

प्रस्तावनाः

स्थानीय रूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गर्दै गाउँपालिकाको सामजिक तथा आर्थिक विकास लाई एकअर्काको परिपूरकको रूपमा विकसित गर्ने गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउने, सहभागितातुमक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ..................... टोल विकास संस्था स्थापना गरी सञ्चालन गर्न बाञ्छनीय भएकाले यो विधान तयार गरीएको छ ।

१ प्रारम्भिकोः

संक्षिप्त नाम र प्रारम्भः

(क) यो विधान ......... टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ....... हुनेछ ।

(ग) यो विधान .... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय ...... मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ ।

पूर्व............................... पश्चिम.............................

उत्तर................................. दक्षिण...........................

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) संस्था भन्नाले ................ टोल विकास संस्थालाई सम्झनु पर्छ ।

(ख) विधान भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ ।

(ग) साधारण सभा भन्नाले टोल विकास संस्थाको साधारण सभालाई सम्झनु पर्छ ।

(घ) समिति भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(ङ) बठैक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(च) पदाधिकारी भन्नाले कार्य समितिका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउँछ ।

३ संगठित संस्था हुनेः

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(ख) संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ। तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्री वितरण गर्न भने पाउने छैन । संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

४. संस्थाका उद्देश्यहरू:

संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासको लागि देहाय बमोजिमको उद्देश्य हुनेछ ।

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरूको आयमा वृद्धि गर्ने कार्यक्रमको सञ्चालन गरी गरिबी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्म निर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने ।

(घ) संस्थालाई सभागितामूलक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

५. टोल विकास कार्य समितिको गठन

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकामा नगरोंन्मुख बस्तहरूको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा घर परिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरू रहेको एक टोल विकास स कार्य समिति गठन हुनेछ । दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्गठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएका व्यक्ति पुन सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समिता कम्तिमा ५० प्रतिशत सदस्यहरू र अध्यक्ष वा कोषाध्यक्षहरू मध्ये कुनै एक जना अनिवार्य रूपमा महिला हुनु पर्नेछ ।

(ग) टो विकास संस्था गठन गर्दा सकेकसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नु पर्दछ । यदि सो सम्भन नभएमा कम्तीमा ८० प्रतिशत घर धुरी सहभागी गारइ टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरू मध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

६. संस्थाका कार्यहरूः

टोल विकास संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन्

(क) प्रत्येक टोल स्तरमा सम्भव भए सम्म सबै घर परिवार सहभागी भएको टोद्य विकास संस्था गठन गर्ने ।

(ख) संस्थका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्न तथा सोही बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) टोलमा आइपरेका समस्याहरू समाधान गर्ने एक अर्कामा भाइचारा सम्बन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

(घ) उपलब्ध स्रोतको समूचीत परिचालन गर्दै टोल विकासको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।

(ङ) एच.आई. भी/ एड्स, अशिक्षा, अन्धविश्वास, बाल विवाह, बहुविवाहज्ता सामाजिक समस्याको बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरूलाई चेतना अभिवृद्धि गर्ने

(च) आफ्नो टोलमा तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने ।

(छ) आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) टोलमा बसोबास गर्न गर्ने बासिन्दा बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरकोकारका विषयहरूमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(झ) बातावरणमैत्री स्थानीय शासनका सूचकहरूको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ञ) आफ्नो टोल वस्तीलाई नमुना बस्ती रूपमा विकास गर्न सहयोग गर्ने ।

(ट) हरित गाउँ/ शहर, उज्यालो सहर , सफा सहर र सम्पन्न सहर तथा सभ्य सहर स्थापना अभियानमा सहयोग गर्ने ।

(ठ) आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

(ड) पूर्ण साक्षर, पूर्णखोप, पूर्ण घटना दर्ता दर्ता आदि अभियानमा सहयोग गर्ने ।

(ढ) टोलमा रहेका सार्वजनिक, पर्ति एलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

(ण) संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिव चयन सर्वसम्मतिमा वा सो नभमा बहुमतमा गर्ने ।

(त) गाउँपालिकाको राजश्व परिचालनभा सहयोग गर्ने ।

(थ) गाउँपालिका सँग भएको समझदारी अनुसार कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

७. सदस्यता

संस्थामा सस्दस्यता देहाय बमोजिम हुनेछः

(क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकिएकोबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

८. सदस्यता नरहने

देहाय अवस्था सदस्य रहने छैंन;

(क) सदस्यमा मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाइ संस्थाले दस्यताबाट हटाउने निर्णयय गरेमा ।

तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

९. संस्था गठन एवं कार्य सञ्चालन विधि

संस्थाको गठन एवं कार्य सञ्चालन विधि देहाय बमोजिम हुनेछः

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरूको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरपछि त्यस टोलभित्र बसोबास गर्ने अधिकाशं घरधुरीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरूले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जनको अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरू सदस्य हुनेछन् ।

(ग) संस्थाका कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछन् ।

१०. संस्थाका पदाधिकारीको काम, कर्तव्य र अधिकार

संस्थाका पदाधि कारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१. संस्थाको नियमित बैठक बोलाउने ।

२. बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

३. बैठकमा अनुशासन पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सबैका विचार संकलन गर्ने र सर्वसम्मत निर्यण गर्न पहल गर्ने

५. निर्णयहरू लागू गर्ने र गर्न लगाउने

६. सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।

७. संस्थाले आर्जन/ प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षा प्रबन्ध मिलाउने ।

८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधहरू गर्ने वा गराउने ।

९. विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार

१. अध्यक्षको आदेश अनुसार बैठक बोलाउने।

२. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने

३. एक तिहाइ सदस्यहरूको विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

४. बैठक पुस्तिका उपस्थित गराउने ।

५. छलफलका प्रस्तावहरूको संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

६. संस्थाको क्रियाकलापको बारेमा सदस्यहरूलाई जानकारी गराउने

७. तोकिएका अन्य कार्य गर्ने ।

(ग) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

१. संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

२. बैंकमा संयुक्त रूपमा खाता सञ्चालन गर्ने ।

३. अन्य सदस्यहरूसँग समन्वय राखि सहयोग लिने दिने

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिइ सुरक्षा गर्ने ।

(घ) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार

१. गाउँपालिकासँग भएको समझदारीपत्रमा उल्लिखित शर्तअनुसार गर्नु पर्ने कामहरू गर्ने ।

२. संस्था हिसाव-किताब चेक गर्ने ।

३. संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने ।

४. संस्था संचालनका लागि आवश्यकता अनुसार नीति, नियमहरू बनाउन सहयो गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

५. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

११. साधारण सभाको गठन र कार्य प्रणाली

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछ

(क) संस्थाको सम्पूर्ण सदस्यहरू रहेको एक साधारण सभा हुनेछ ।

(ख) साधारण सभाको अध्यक्षतामा संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको ज्येष्ठ सदस्यले गर्नेछ ।

(ग) साधारण सभा संस्थाको सर्बोच्च निकाय हुनेछ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) संस्थाको साधार सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश भएका विषयमा सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने

(ग) संस्थाको लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहको मनोनयन गर्ने ।

(ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

१३. आर्थिक व्यवस्था

(क) संस्थाको देहाय बमोजिम आर्थिक स्रोत हुनेछः

अ. सदस्यता प्राप्त शुल्क

आ. सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्त हुने अनुदान

इ. संस्थाको क्रियाकलापको शिलशिलामा प्राप्त हुने आय वा पुरस्कार

ई. अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षण पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ ।

१४. कार्य समिति तथ पदाधिकारीको राजीनामा

(क) समितिका सदस्यहरूले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

१५. कार्य समितिलाई अविश्वासको प्रस्ताव

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरू उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरूले विशेष साधारण सभा राखि अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ। अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्व-सम्मतलाई बढी जोड दिइनेछ ।

१६. विविध

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ । साधारण सभामा उपस्थिति सदस्यहरूको दुई तिहाइ बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरूसँग बाझिएको बुँदाहरू हदसम्म स्वत खारेज हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८

अनुसूची-२

टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्ने

निवेदनको नमूना

मिति:-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
माथागढी गाउँ कार्यपालिकाको कार्यालय,
झडेवा, पाल्पा ।

विषयः टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिका द्वार सञ्चालित वडा नं ....... को ...... टोलमा गठन गरिएको ..... टोल विकास संस्थालाई गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता/ सूचिकृत गरिदिनुहुन अनुरोध गर्दछु । यस ............ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र समिति रहेनछ ।

पूर्व सिमानाः..................................

पश्चिम सिमानाः................................

उत्तर सिमानाः..................................

दक्षिण सिमानाः...................................

निवेदक ..........................

अध्यक्षको नामः

टोल विकास संस्थाको नामः

ठेगानाः

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

अनुसूची -३
माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
झडेवा, पाल्पा
५ नं. प्रदेश, नेपाल
प्रमाण पत्र

माथागढी गाउँपालिका वडा नं...... स्थिति ....... मा गठन भएको .............. टोल विकास संस्थालाई यस कार्यालयमा मिति :............. दर्ता गरी यो प्रमाण पत्र प्रदान गरीएको छ।

यस गाउँपालिका आर्थिक, सामाजिक भौतिक पूर्वाधार शहरी सुशासन लगायत क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षका साथै उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दछु ।

.........................
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्नेको:
दस्तखतः..........................
नाम, थरः दीपककुमार नेपाली
पदः प्रमुख प्रशासकीय अधिकृत
पानाः १५ (पन्ध्र)
मितिः २०७६।०३।०६